विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ को बजारमा आधारित वित्तीय साधन सहितको कार्यान्वयन कार्ययोजना

(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको कार्यकारी समितिद्वारा मिति २०७८/१०/१४ मा स्वीकृत)

नेपाल सरकार
गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ को बजारमा आधारित वित्तीय साधन सहितको कार्यान्वयन कार्ययोजना

(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको कार्यकारी समितिद्वारा मिति २०७८/१०/१४ मा स्वीकृत)

नेपाल सरकार
गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

विषयानुक्रम

१. परिचय	७
१.१ पृष्ठभूमि	७
१.२ जोखिम हस्तान्तरण	७
२. कार्यान्वयन कार्ययोजना	८
२.१ कार्यान्वयन पूर्वतयारी	८
२.२ अल्पकालीन कार्ययोजना (दुई वर्ष भित्रमा सम्पन्न गर्ने)	९
२.४ दीर्घकालीन कार्ययोजना (दश वर्षभित्र सम्पन्न गर्ने)	११
२.३ स्रोत साधनको व्यवस्थापन	१५
२.४ सम्भावित जोखिमहरू	१५
२.५ अनुगमन र मूल्याङ्कन	१५
२.६ अपेक्षित उपलब्धी	१५
३. बजारमा आधारित वित्तीय साधनहरूको प्रयोग	१६
३.१ जोखिम हस्तान्तरण सम्बन्धी वित्तीय साधन/औजारहरूको विश्लेषण	१६
३.२ बजारमा आधारित वित्तीय उपकरण/साधनहरूको कार्यान्वयन	१६
३.३ भूकम्प जोखिमको लागि बजारमा आधारित जोखिम स्थानान्तरणको लागि लागत-लाभ विश्लेषणको परिणाम	१७
३.४ लागत-लाभ विश्लेषणको प्रमुख निष्कर्षहरू	१९
३.५ भूकम्प प्रकोप जोखिम प्रक्षेपणको नतिजा	१९
३.६ बजारमा आधारित वित्तीय साधन/उपकरणको कार्यान्वयन कार्ययोजना समय तालिका	२०

१. परिचय

१.१ पृष्ठभूमि

नेपाल सरकारले बिगतका विपद् र विपद्का कारणले हुने आर्थिक क्षतिलाई वित्तीय व्यवस्थापन गर्न **विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति**,२०७८ स्वीकृत गरी लागु गर्ने नीति लिएको छ। वढ्दो प्राकृतिक र गैरप्राकृतिक प्रकोपको जोखिम र विपद् घटनाका कारण नेपाल सरकारले ठूलो आर्थिक दायित्व व्यहोर्नु परिरहेको छ। विपद्का कारण भएका क्षतिको आर्थिक भरणपोषणका लागि नेपाल सरकारले आन्तरिक वा वाह्य सहयोगको बजेटमा निर्भर रहनु पर्ने स्थिति छ। आवधिक रूपमा सन् २०१२ देखि २०२० सम्म नेपाल सरकारले कुल ४५१.४५ अर्ब रूपैया र वार्षिक रूपमा ५० अर्ब रूपैंया विपद् सम्बन्धी कार्यका लागि खर्च गर्नु परेको थियो। विगतमा भएका विभिन्न प्रकोपजन्य घटनाका कारण देशमा ठूलो मात्रामा जनधनको क्षति भएको छ। वि. सं. २०७२ को भूकम्पका कारण प्रत्यक्ष दायित्व १६६ अर्ब रुपैंया र अप्रत्यक्ष दायित्व ३७० अर्ब रुपैंया पुनःनिर्माण सम्बन्धी अनुदानका लागि खर्च भएको छ। सन् २०१७ मा आएको बाढीका कारण तराईका अधिकांश जिल्लाहरू प्रभावित भएका थिए। उक्त बाढीबाट अनुमानित ६० अर्ब रुपैंया भन्दा बढीको क्षति भएको थियो। जसमध्ये उद्धार कार्यका लागि मात्र ३ अर्ब रुपैंया खर्च भएको थियो। विश्वव्यापी रूपमा भैरहेको जलवायु परिवर्तन र त्यसले निम्त्याएको बाढी तथा अन्य जोखिमको कारणले पर्न जाने आर्थिक व्ययभार नेपाल सरकारले व्यहोर्नुपर्ने स्थिति रहेको छ।

विपद्जन्य घटनाबाट हुने क्षति न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारले कानुनी र संस्थागत व्यवस्था गरेको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) ले हिमाल, पहाड र तराई क्षेत्रका प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरूको जोखिम उल्लेख गरेको छ। **स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८** मा भएको व्यवस्थाले स्थानीय तहमा आवश्यक रणनीतिक कार्ययोजनाले एकरूपताका साथ प्रादेशिक र राष्ट्रिय लक्ष्य हासिल गर्ने उद्देश्य लिएको छ। यसले रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

जलवायु परिवर्तन, बाढी, भूकम्प, आगलागी तथा अन्य प्रकोपका कारण हुने क्षतिको आर्थिक भरणपोषणका लागि नेपाल सरकारले **विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८** लागु गरेको छ। प्रकोप र सम्बन्धित दायित्वहरूको प्रभावकारी व्यवस्थापनले आर्थिक, वित्तीय र वातावरणीय क्षेत्रमा उल्लेख्य परिणामहरू निकाल्न सकिन्छ। रणनीतिले विपद्को प्रभावकारी व्यवस्थापनका लागि नेपालले तय गरेका प्राथमिकताहरूलाई कार्यान्वयन गर्ने रूपरेखा प्रदान गर्छ। रणनीतिले वित्तीय जोखिममा सरोकारवालाहरूको सहभागिता कायम राख्दै विपद्सँग सम्बन्धित आर्थिक, भौतिक, सामाजिक र मानवीय क्षतिलाई न्यूनीकरण गर्ने र विपद् पश्चात् छिटो र प्रभावकारी रूपमा प्रतिकार्य गर्न योजनावद्ध एवं पूर्वनिर्धारित वित्तीय उपकरणहरू (Prearranged Fiscal Instruments) मार्फत पर्याप्त वित्तीय तरलता उपलब्ध गराउने लक्ष्य राखेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८ ले व्यवस्था गरे बमोजिम जोखिम व्यवस्थापन गर्न वित्तीय रणनीतिको लागि आवश्यक कार्यान्वयन योजना तयार पार्ने लक्ष्य अनुसार यो कार्यान्वयन योजना तयार गरिएको छ। यस योजनाले विपद् जोखिम मूल्याङ्कन, विपद् जोखिम न्यूनीकरण, वित्तीय व्यवस्थापन र सामाजिक सुरक्षाका क्षेत्रमा रणनीतिमा तोकिएका मुख्य उद्देश्यहरू प्राप्त गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गतिविधिहरूलाई समेट्छ। ऐनको दफा १० बमोजिम गृह मन्त्रालय अन्तर्गत स्थापना भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले (यस पछि प्राधिकरण भनिएको) कार्ययोजना कार्यान्वयनको लागि आवश्यक समन्वय र सहजीकरण गर्नेछ। यो कार्ययोजना आवधिक रूपमा आवश्यकताका आधारमा परिमार्जन गर्दै लगिनेछ।

यस कार्यान्वयन योजनामा नेपाल सरकारको जोखिम व्यवस्थापनका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्न अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन कार्ययोजनाहरूलाई समावेश गरिएको छ। कार्ययोजनामा समावेश क्रियाकलापहरूको कार्यान्वयनबाट नेपाल सरकारको दीर्घकालीन जोखिम व्यवस्थापन गर्न आवश्यक वित्तीय स्रोतका आधारहरूलाई सुनिश्चित गरिनेछ। कार्ययोजनाका मुख्य क्रियाकलापहरू, तत्सम्बन्धी हालको अवस्था, अपेक्षित उपलब्धि र जिम्मेवार निकायहरूको बारेमा खण्ड ३ मा तालिकाबद्ध गरी उल्लेख गरिएको छ। कार्ययोजनाको विस्तृत विवरण अनुसूची -१ मा समावेश गरिएको छ।

१.२ जोखिम हस्तान्तरण

वित्तीय व्यवस्थापन रणनीतिले जोखिम न्यूनीकरणका गतिविधिहरू र विपद् जोखिम वित्तीय साधनहरूको संयोजन गर्दछ। यसको उद्देश्य यथासम्भव जोखिम कम गर्ने र बाँकी जोखिम व्यवस्थापन गर्न जोखिम अवधारणा (जस्तैः बजेट रकमान्तर र बजेट पुनरावलोकन), आकस्मिक ऋण (जस्तैः Contingent Credit, Catastrophic Draw Down Option (Cat DDO), Credit Facility) र जोखिम हस्तान्तरण (जस्तैः बीमा वा विपद् ऋणपत्र) को संयोजन गरी प्रयोग गर्नु हो। जोखिम हस्तान्तरणका लागि वित्तीय व्यवस्थापन र वित्तीय साधनहरूलाई तहगत रूपमा वर्गीकरण गर्न सकिन्छ।



विपद्‌ले पार्न सक्ने प्रभाव (Impact), यसको आवृत्ति (Frequency) र गाम्भीर्यता (Severity) का आधारमा जोखिम हस्तान्तरण गरिन्छ। कम आवृत्ति भएता पनि उच्च गाम्भिर्यता भएका घटनाहरू (भूकम्प, बाढी र पहिरो) ले धेरै आर्थिक नोक्सान गर्दछन्। यस्ता घटनाका हानिनोक्सानीलाई उचित वित्तीय व्यवस्थापन गरिएन भने यस्ता घटना पश्चात वित्तीय उत्थान गर्न धेरै समय लाग्दछ। वित्तीय व्यवस्थापन भनेको वित्तीय स्रोतको सुनिश्चितता पनि हो। वित्तीय स्रोत विपद् सम्बन्धी सञ्चित कोष बनाएर पनि राख्न सकिन्छ। विभिन्न वित्तीय औजारहरू जस्तै ठुलो पिपद्‌का लागि महाविपत्ति ऋणपत्र (Catastrophe Bond) जारी गर्ने, बीमाको माध्यमवाट क्षति पुनर्भरणको सुनिश्चितता गर्ने बजार नियन्त्रित औजारहरूको प्रयोग, जोखिम ढुकुटीको निर्माण (Risk Pool) र आवश्यकता अनुसार वित्तीय औजारहरू (Financial Instruments)को व्यवस्था गरी वित्तीय स्रोतको व्यवस्थापन गर्न सकिन्छ। वित्तीय साधन/औजारहरूको प्रयोग तथा सञ्चित कोषको व्यवस्थापन दुवैमा अवसर लागत (Opportunity Cost) लाग्दछ। वित्तीय औजारको प्रयोग लागत लाभ विश्लेषण (Cost Benefit Analysis)का आधारमा गर्नुपर्ने हुन्छ।

माथि उल्लिखित साधनहरूले प्रकोपको घटना पश्चात तरल पूँजी उपलब्ध गराउने दायित्व राख्छन् र प्रायः राहत प्रयासहरूमा सहयोग गर्न विपदपछि तत्काल रकम उपलब्ध हुने सुनिश्चितता गर्नको लागि यस्ता व्यवस्था गर्न जरुरी हुन्छ। विपद् कोष बाहेकका अन्य वित्तीय उपकरणहरू (Financial Instruments) तेस्रो पक्षका सेवाप्रदायकहरूले उपलब्ध गराउँदछन्। सो साधन/औजार प्रयोग गरेवापत तथा जोखिम स्वीकार गरेवापत तेस्रो पक्षले वार्षिक शुल्क (प्रिमियम) भुक्तानी प्राप्त गर्छन्। वित्तीय उपकरणहरूको प्रयोगको आधार प्रकोपको आकार, आवृत्ति र प्रकोपले पार्ने वित्तीय प्रभावका आधारमा गर्नुपर्दछ। दोस्रो अध्यायले जोखिम हस्तान्तरणका निमित्त उपलब्ध विभिन्न वित्तीय साधनहरूका बारेमा व्याख्या गरेको छ।

२. कार्यान्वयन कार्ययोजना

२.१ कार्यान्वयन पूर्वतयारी

यस कार्यान्वयन योजनामा समाविष्ट क्रियाकलापहरू सुरु गर्नु अघि देहायका प्रकृयाहरू अवलम्बन गर्नु आवश्यक देखिन्छ जसको लागि आवश्यक कानूनी व्यवस्था समेत गर्दै लगिने छः

१) वित्तीय उपकरण तथा कोषको प्रयोग गर्ने निकायहरूमध्ये सङ्घ र प्रदेशको हकमा सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पालिकाको सम्बन्धित विभाग/महाशाखा/शाखा जिम्मेवार हुने व्यवस्था मिलाइने छ।

२) कुनैपनि वित्तीय साधनको प्रयोग गर्दा लागत अनुमान सहित संभाव्यता अध्ययन प्रतिवेदनका आधारमा गर्ने व्यवस्था गरिने छ।

३) संभाव्य सेवा प्रदायक संस्था र वित्तीय उपकरण उपलब्ध गराउने सेवा प्रदायक (जस्तैः पुनर्बीमा)को आन्तरिक तथा वाह्य क्षमतालाई समेत ध्यान दिइने छ।

४) जोखिम हस्तान्तरणका लागि बजारमा आधारित वित्तीय उपकरणहरू आवश्यकता, औचित्य, स्रोतको उपलव्धता र प्रभावकारिताका आधारमा चरणवद्धरूपमा लागू गर्दै लगिने छ।

५) जोखिम हस्तान्तरण गर्दा नेपाल सरकार र निजी क्षेत्रबाट वहन गर्नुपर्ने बीमा शुल्कको वार्षिक दायित्व प्रक्षेपण गरी लागत लाभ र उपलव्ध स्रोतका आधारमा उपयुक्त औजारको छनोट गरिने छ।

६) कार्ययोजना कार्यान्वयनका लागि आवस्यक वित्तीय स्रोत वार्षिक वजेटमा समावेश गरी परिचालन गर्नका निमित्त सम्बन्धित निकाय सँग समन्वय गरिने छ।

कार्यान्वयन कार्ययोजना कार्यको प्रकृति र कार्ययोजनाका निम्ति आवश्यक समय अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा विभाजित गरिएको छ।

२.२ अल्पकालीन कार्ययोजना (दुई वर्ष भित्रमा सम्पन्न गर्ने)

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
१.	जोखिम हस्तान्तरणका लागि बजारमा आधारित वित्तीय उपकरणलाई प्रयोगमा ल्याउने (यस सम्बन्धी थप विवरण दोस्रो अध्यायमा उल्लेख छ जसमा लागत लाभ विश्लेषण र सम्भावित भूकम्पका कारण आर्थिक क्षति प्रक्षेपण सहित राखिएको छ) कार्यान्वयन कार्ययोजना अनुसूची-१ बमोजिम हुने।अन्य प्रकृतिका विपद्को अनुकूलनका लागि समेत आवश्यक उपकरणको लागत लाभ विश्लेषणको गणना गर्दै लगिनेछ।	हालसम्म नभएको	बजारमा आधारित वित्तीय साधनको प्रयोग भएको हुने	अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण, बीमा समिति, नेपाल राष्ट्र बैङ्क
२.	विपद् व्यवस्थापनका उपलब्ध कोषहरू (प्रधानमन्त्री राहत कोष, प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष, आकस्मिक कोष र विपद व्यवस्थापन कोष आदि)लाई प्रचलित कानून बमोजिम एकीकृत गरी सञ्चालनमा ल्याउने र अन्य विभिन्न वित्तीय स्रोतहरू पहिचान गरी एकीकृत कोष मार्फत परिचालन गर्ने।	आंशिक रूपमा कार्यान्वयनमा आएको	एकीकृत प्रणाली परिचालन भएको हुने	अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण, बीमा समिति, नेपाल राष्ट्र बैङ्क, प्रदेश सरकार, स्थानीय तह
३.	प्रकोप सम्बन्धी (बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी जस्ता) घटना र क्षति तथा नोक्सानी सम्बन्धी तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी विपद् सूचना प्रणालीमा प्रविष्ट गर्ने।	विपद् पोर्टल प्रयोगमा रहेको	प्रणालीमा अद्यावधिक रूपमा प्रविष्ट भएको हुने	प्राधिकरण	गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह
४.	सार्वजनिक तथा निजी विद्यालय, स्वास्थ्य संस्था र सरकारी भवनहरूको मजबुती मूल्याङ्कन (Structural Integrity Assessment) गरी राष्ट्रिय प्रणाली तयार पार्ने।	नभएको	प्रणाली तयार भएको हुने	प्राधिकरण	गृह मन्त्रालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
५	साना तथा मझौला व्यवसायहरूको नक्साङ्कन तयार पार्ने	नभएको	तयार भएको हुने	प्राधिकरण	गृह मन्त्रालय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
६	प्रतिकार्यका लागि आवश्यक प्रशिक्षित/दक्ष मानव संशाधन, स्रोत र प्रविधिको विकास गर्ने । आपतकालीन कार्यसञ्चालनको सञ्चालन विधि तर्जुमा गर्ने । आवश्यक तालिमहरू प्रदान गरी जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । आवश्यक तरिका र सामग्रीहरू उपलब्ध गराउने ।	न्यून रहेको	विकास भएको हुने	गृह मन्त्रालय	प्राधिकरण, सम्बन्धित विषयगत मन्त्रालय, विभाग, निकाय, प्रदेश सरकार, स्थानीय तह, सूचना प्रविधि विभाग
७	जलवायु परिवर्तनका परिदृश्यलाई समेटी विपद् जोखिमको प्रभाव विश्लेषण गर्ने विद्युतीय प्लेटफर्म तयार गर्ने र प्रभावमा आधारित बहुप्रकोपीय पूर्वसूचना प्रणाली स्थापना गरी यसका लागि चाहिने मानव संशाधनको विकास गर्ने ।	विपद् र जलवायु परिवर्तनको प्रभाव विश्लेषण अलग अलग रूपमा हुने गरेको ।	तथ्यमा आधारित निर्णय प्रणाली स्थापना भएको हुने ।	वन तथा वातावरण मन्त्रालय र प्राधिकरण	सम्बन्धित विषयगत मन्त्रालय/ विभाग, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग

२.३ **मध्यमकालीन कार्ययोजना** (**दुईदेखि पाँच वर्ष भित्रमा सम्पन्न गर्ने**)

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
५	सङ्घ, प्रदेश, जिल्ला तथा स्थानीय तह र समुदायस्तरमा प्राकृतिक तथा अप्राकृतिक प्रकोपको नक्साङ्कन गर्ने, विपद् जोखिम आँकलन गर्ने र राष्ट्रिय विपद् जोखिम सुचना प्रणालीमा प्रविष्ट गर्ने	विपद् पोर्टल तयार भएको	प्रणालीमा अद्यावधिक रूपमा प्रविष्ट भएको हुने	प्राधिकरण	गृह मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था
२.	विपद् जोखिम सुचना प्रणालीमा प्रविष्ट गरिएको जोखिमयुक्त स्थान, बस्ती, समुदाय, भौतिक संरचना, प्राकृतिक स्रोत, आधारभूत सेवा आदिको विवरण अद्यावधिक गर्ने	विपद् पोर्टल तयार भएको	प्रणालीमा अद्यावधिक रूपमा प्रविष्ट भएको हुने	प्राधिकरण	गृह मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश सरकार र स्थानीय तह, सम्बन्धित निकाय, कार्यालयहरू
३.	विपद्का कारण हुन सक्ने आर्थिक तथा वित्तीय क्षति तथा प्रभावका विषयमा जानकारी दिन वित्तीय, बीमाङ्कीय तथा ठुलो विपद् जोखिम विश्लेषणात्मक विधिहरू (Financial, Actuarial and Catastrophic Risk Modeling Tools) प्रयोग गर्ने ।	नभएको	विश्लेषणात्मक विधिहरू प्रयोग भएको हुने	अर्थ मन्त्रालय, प्राधिकरण	महालेखा नियन्त्रक कार्यालय, बीमा समिति

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
४	आकस्मिक दायित्व र अपुग सुरक्षणको (Protection Gap) परिमाण निर्धारण गरी आवश्यक वित्तीय योजना नेपाल सरकारको वार्षिक वजेटमा व्यवस्था गर्दै गैरसरकारी सङ्घ संस्था, अन्तराष्ट्रिय विकास साभेदार समेतवाट स्रोत परिचालन गरी आवस्यक वित्तीय योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।	न्यून रहेको	परिमाण निर्धारण भई वित्तीय योजना कार्यान्वयन भएको हुने।	अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण
५	प्रभावित क्षेत्रमा विपद् कोषबाट तत्काल वित्तीय सहयोग वितरणका लागि आवश्यक कानुन, निर्देशिका, संरचना र विधि तयार गरी स्वीकृत गर्ने	पर्याप्त नरहेको	कार्यविधि, निर्देशिका स्वीकृत भई कार्यान्वयनमा आएको हुने।	कार्यकारी समिति, नेपाल सरकार	गृह मन्त्रालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, नेपाल राष्ट्र बैंक, प्राधिकरण
६	पूर्व सूचना प्रणालीमा आधारित अग्रिम वित्तीय लगानी गर्न आवश्यक कानून, निर्देशिका, साभा सूचना संप्रेषण विधि Common Alerting Protocol (CAP) तयार गरी लागु गर्ने।	नभएको	CAP तयार भई लागू भएको हुने	प्राधिकरण	जल तथा मौसम विज्ञान विभाग, सम्बन्धित विषयगत मन्त्रालय, विभाग
७	पुल, सार्वजनिक गुम्बा, मठ मन्दिर लगायतका पुरातात्विक एवम् सांस्कृतिक सम्पदाहरू तथा अपार्टमेन्ट जस्ता ठूला प्रकृतिका भवनहरूको मजबुती जाँच (Structural Integrity Assessment) गरी राष्ट्रिय प्रणाली तयार पार्ने।	नभएको	प्रणाली तयार भएको हुने	प्राधिकरण	गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

२.४ **दीर्घकालीन कार्ययोजना (दश वर्षभित्र सम्पन्न गर्ने)**

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
१	विपद्को प्रकृति र त्यसबाट विभिन्न क्षेत्रमा उत्पन्न हुन सक्ने परिस्थितिका बारेमा खोज, अध्ययन, अनुसन्धान र विश्लेषण गरी विपद् सूचना प्रणालीमा प्रविष्ट गर्ने।	पर्याप्त प्रविष्ट नभएको	अद्यावधिक भएको हुने	प्राधिकरण	गृह मन्त्रालय, सम्बन्धित विषयगत मन्त्रालय, विभाग, निकाय, प्रदेश सरकार र स्थानीय तह
२	राष्ट्रिय विपद् जोखिम आँकलन तथा सूचना व्यवस्थापन प्रणालीलाई (National Disaster Risk Assessment and Management Information System–NDRA–MIS) तयार गरी सञ्चालनमा ल्याउने।	नभएको	क्षमता अभिवृद्धि भएको हुने	प्राधिकरण	गृह मन्त्रालय, सूचना प्रविधि विभाग प्रदेश सरकार र स्थानीय तह
३.	राष्ट्रिय विपद् जोखिम आँकलन तथा सूचना व्यवस्थापन प्रणालीलाई प्रदेश र स्थानीय तहमा बिस्तार गरी तथ्याङ्क प्रविष्ट गर्ने।	नभएको	प्रदेश र स्थानीय तहमा प्रविष्ट भएको हुने	प्राधिकरण	गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह सूचना प्रविधि विभा

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
४	सङ्घ, प्रदेश र स्थानीय तहका विकास योजना कार्यान्वयन प्रकृयामा एवं आर्थिक, सामाजिक क्रियाकलापमा आवश्यक मापदण्ड, सशर्त अनुदान, पुरस्कार, दण्ड, जरिवाना आदिको उपयुक्त व्यवस्था गरी विपद् जोखिम कम गर्ने ।	न्यून रहेको	विपद् जोखिम कम भएको हुने	गृह मन्त्रालय प्राधिकरण	अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह
५	प्रकोपको पूर्वानुमान, वहुप्रकोपीय पूर्वसूचना प्रणालीको स्थापना गरी विपद् पूर्वसूचना प्रणालीको क्षमता विकास र विस्तार गर्ने ।	नभएको	क्षमता अभिवृद्धि भएको हुने	प्राधिकरण	जल तथा मौसम विभाग, सम्बन्धित विषयगत मन्त्रालय, विभाग, निकाय
६	जीवन बीमाको माध्यमबाट मानवीय क्षति तथा निर्जीवन बीमाको माध्यमबाट निजी, सार्वजनिक तथा सार्वभौम सम्पत्तिको (Sovereign Assets) विपद्बाट हुने क्षतिको आर्थिक पुनर्भरण गर्ने उपायहरू अवलम्वन गर्ने ।	पर्याप्त नभएको	पुनर्भरण गर्ने उपायहरू अवलम्वन भएको हुने	अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण, बीमा समिति
७	सार्वजनिक सेवाका पूर्वाधार, ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरू र सार्वभौम दायित्व (Sovereign Liabilities)हरूको विपद् पश्चात पुनर्निर्माणका लागि पहिलो क्षति (First Loss) बीमाको माध्यम र तहगत जोखिम सुरक्षण विधि (Risk Layering Approach) बाट जोखिम हस्तान्तरण गरी अधिक क्षतिको अवस्थाका लागि आवश्यक सङ्घ, प्रदेश र स्थानीय तहमा स्थापना भएका विपद् व्यवस्थापन कोषको प्रयोग गर्ने । तीनै तहका कोषको प्रयोग गर्दा दोहोरो नपर्ने गरी गर्ने ।	पर्याप्त नभएको	कोषको प्रयोग भएको हुने	अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण, बीमा समिति
८	विपद् सम्बन्धी सार्वजनिक र निजी क्षेत्रको आर्थिक र वित्तीय जोखिमको पहिचान र मापन गर्ने ।	पर्याप्त नभएको	पहिचान र मापन भएको हुने	अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण, बीमा समिति
९	जोखिम न्यूनीकरण र जोखिम हस्तान्तरणका लागि सार्वजनिक र निजी लगानी प्रवर्द्धन गर्ने ।	पर्याप्त नभएको	लगानी प्रवर्द् धन भएको हुने	अर्थ मन्त्रालय	प्राधिकरण, निजी क्षेत्र
१०	जीवन तथा निर्जीवन बीमाको माध्यमबाट विपद् जोखिम व्यवस्थापनको लागि सार्वजनिक भौतिक संरचनाहरू निर्माणको स्वीकृती सँगै बीमा गर्ने व्यवस्था गर्ने ।	पर्याप्त नभएको		अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण, बीमा समिति
११	सबै प्रकारका भौतिक र आर्थिक गतिविधिहरू र निजी सम्पत्तिको सुरक्षण गर्न बीमासँग आवद्ध गरी लैजाने व्यवस्था गर्ने र जोखिममा आधारित मूल्य (Risk Based Pricing) निर्धारण गर्न समन्वय गर्ने ।	नभएको	जोखिममा आधारित मूल्य निर्धारण भएको हुने	अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण, बीमा समिति

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
१२	विपद्को अवस्थामा बैङ्क, बीमा र वित्तीय सेवा प्रदायक सङ्घ, संस्था र सहकारीको वित्तीय जोखिमलाई व्यवस्थित गर्न, वित्तीय स्थायित्व कायम गर्न, बीमा तथा पुनर्बिमा जस्ता अग्रिम र सुनियोजित सुरक्षण उपायहरूको अबलम्वन गर्ने ।	नभएको	अवलम्वन भएको हुने	अर्थ मन्त्रालया	प्राधिकरण, नेपाल राष्ट्र बैङ्क, बीमा समिति
१३	सार्वजनिक सेवा प्रदायक सरकारी निकायहरू तथा निजी क्षेत्रका फर्म प्रतिष्ठान, व्यवसाय सेवा सञ्चालन गर्दा अपनाउनु पर्ने आवश्यक सुरक्षा र जोखिम कम गर्ने बिधिको बारेमा कानूनी व्यवस्था गर्ने ।	न्यून रहेको	कानूनी व्यवस्था भएको हुने	गृह मन्त्रालय	प्राधिकरण , बीमा समिति
१४	विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद् को समयमा आधारभुत सेवालाई तुरुन्त चालु गर्न व्यवसाय निरन्तरता योजना (Business Continuity Plan) तयार गरी लागू गर्ने ।	नभएको	लागू भएको हुने	गृह मन्त्रालय	प्राधिकरण, विषयगत मन्त्रालयहरू, निजी क्षेत्र
१५	विपद्को प्रकृति, मात्रा र प्रभाव अनुसार प्रभावकारी प्रतिकार्यका लागि वित्तीय क्षमताको बिकास गर्न सङ्घ, प्रदेश र स्थानीय बिपद् व्यवस्थापन कोष मार्फत पर्याप्त लगानी गरी विपद् पूर्वतयारी र प्रतिकार्यलाई थप प्रभावकारी बनाउने। सो कोष मार्फत लगानी गर्दा मितव्ययी र दक्षतापूर्वक कम लगानीमा अधिकतम प्रतिफल प्राप्त हुने गरी गर्ने ।	पर्याप्त नभएको	थप प्रभावकारी भएको हुने	अर्थ मन्त्रालय	गृह मन्त्रालय, प्राधिकरण
१६	कानून बमोजिम बिभिन्न पेशा, व्यवसाय गरी जीविकोपार्जन गर्ने पेशाकर्मी तथा व्यवसायी, गरीब सिमान्तकृत वर्ग तथा सङ्कटासन्न समूहको लागि बिपद् पश्चात उनीहरूको जिवीकोपार्जन र पुनःस्थापनाका लागि तुरुन्तै उपलब्ध हुन सक्ने गरी विपद् कोषको औचित्य र उपयोगिता हुने व्यबस्था गर्ने ।	पर्याप्त नभएको	विपद् कोषको औचित्य र प्रभावकारी उपयोगि भएको हुने	प्राधिकरण	गृह मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह
१७	उद्योग व्यवसायमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न व्यवसायिक कर्जा प्रवाह गर्दा Business Continuity Plan पेश गर्नु पर्ने व्यवस्था गर्ने ।	नभएको	व्यवस्था भएको हुने	नेपाल राष्ट्र बैङ्क	अर्थ मन्त्रालय, प्राधिकरण, बीमा समिति
१८	भूकम्प, बाढी, पहिरो तथा महामारी जस्ता ठूला विपद जोखिमबाट प्रभावितहरूको उत्थानशील पुनर्निर्माणका लागि जोखिम हस्तान्तरण पद्धतिको विकास गर्ने ।	नभएको	जोखिम हस्तान्तरण पद्धतिको विकास भएको हुने	अर्थ मन्त्रालय	विषयगत मन्त्रालयहरू, प्राधिकरण, बीमा समिति, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्र

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
१९	विपद्को सामना गर्न आवश्यक योजनावद्ध वित्तीय संयन्त्रहरू (Pre–arranged Financing Mechanisms) को व्यवस्था गर्ने ।	पर्याप्त नभएको	व्यवस्था भएको हुने	अर्थ मन्त्रालया	प्राधिकरण
२०	विपद् जोखिम न्यूनीकरण, संस्थागत तथा वित्तीय उत्थानशीलता र व्यवस्थापनका लागि उपलब्ध हुने नयाँ वित्तीय लगानीको प्रबर्द्धनको अवधारणा र अभ्यासहरूको नमूना परीक्षण र विकास गरी लागू गर्ने ।	नभएको	लागू भएको हुने	अर्थ मन्त्रालया	प्राधिकरण
२१	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति अनुरूप द्विपक्षीय / बहुपक्षीय साझेदारहरू तथा अन्य अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।	पर्याप्त नभएको	समन्वय र सहकार्य भएको हुने	अर्थ मन्त्रालय	गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्राधिकरण, विकास साझेदार सङ्घ संस्थाहरू
२२	न्यून आय भएका वर्ग र समुदायलाई कृषि तथा लघु बीमा एवं सुरक्षणको माध्यमबाट रक्षावरण गर्ने	पर्याप्त नभएको	रक्षावरण भएको हुने	कृषि तथा पशुपंक्षी विकास मन्त्रालय	प्राधिकरण बीमा समिति, सूचना तथा प्रविधि विभाग
२३	कृषि बीमामा मौसममा आधारित बीमा (Weather Based Insurance) र सूचकमा आधारित बीमा (Index Based Insurance) मार्फत बीमाको ग्रामीण क्षेत्रमा पहुँच पुऱ्याउन आवश्यक सुचना, प्रविधि, संरचना विकासका निम्ति निजी, सरकारी तथा अन्य सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।	नभएको	भएको हुने	कृषि तथा पशुपंक्षी विकास मन्त्रालय	प्राधिकरण, बीमा समिति, सूचना तथा प्रविधि विभाग, निजी क्षेत्र
२४	विपद् जोखिम न्यूनीकरणका निम्ति विनियोजित बजेटको कार्यान्वयन तथा प्रकोप पश्चात उपलब्ध वित्तीय स्रोतको विद्यमान संरचनाबाट नै उपलव्ध सीमित वित्तीय स्रोतबाट अधिकतम प्रतिफल प्राप्त हुने गरी न्यायसङ्गत बाडफाँड गर्ने विधि तयार गरी सञ्चालन गर्ने ।	पर्याप्त नभएको	विधि तयार भई सञ्चालन भएको हुने	अर्थ मन्त्रालय, प्राधिकरण	राष्ट्रिय योजना आयोग
२५	स्थानीय तहमा विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन गर्न आवश्यक क्षमता वृद्धि गर्ने ।	न्यून रहेका	क्षमता अभिवृद्धि भएको हुने	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	प्राधिकरण

क्र.सं.	लक्ष्य र सूचकहरू	वर्तमान अवस्था (आधार रेखा)	उपलब्धी	जिम्मेवार निकाय	सहयोगी निकाय
२६	प्रकोप पश्चात पुनर्निर्माण तथा उत्थानशीलता वृद्धि (Reconstruction and Resilience) का लागि आवश्यक विशेष ऋण प्रवाह गर्न सरलीकृत प्रकृया र विधिको निर्माण गर्ने	पर्याप्त नभएको	निर्माण भएको हुने	अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क र बैङ्कर्स एसोसिएसन	प्राधिकरण
२७	सामाजिक सुरक्षणका लागि सामाजिक बीमा विस्तार गर्न बजारमा आधारित लघुबीमाको विकास गर्ने ।	पर्याप्त नभएको	विकास भएको हुने	श्रम, रोजगार तथा सा. सुरक्षा मन्त्रालय, बीमा समिति	प्राधिकरण

२.३ स्रोत साधनको व्यवस्थापन

यो कार्ययोजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति, प्रविधि र आर्थिक स्रोतको व्यवस्थापन नेपाल सरकारले गर्ने गराउनेछ। सङ्घ, प्रदेश र स्थानीय तहले जोखिम वाहक र लाभग्राहीको योगदानबाट स्रोतको व्यवस्थापन गर्नेछन् । स्रोत साधनको व्यवस्थापनमा बीमा लाई जोखिम व्यवस्थापनको लागि अभिन्न औजारको रुपमा लिइनेछ । कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनका आधार र सूचकहरूको विकास गरी लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि समेत स्रोत संरचना र जनशक्तिको व्यवस्था गरिनेछ । नेपाल सरकारको निर्णय बमोजिम आन्तरिक तथा बाह्य स्रोतको परिचालन गरिनेछ ।

२.४ सम्भावित जोखिमहरू

यो कार्ययोजना कार्यान्वयन गर्न प्रभावकारी तथ्याङ्क व्यवस्थापन, विपद् जोखिम नक्शाङ्कन, प्रकोप तथा संभावित क्षतिको आँकलन गर्ने, क्षमता निर्माण, प्रभाव केन्द्रित पूर्वसूचना प्रणाली, उपलब्ध जनशक्तिको व्यवस्थापकीय सीप, दक्षता र व्यवस्थापकीय क्षमता, वित्तीय उपलब्धता र जोखिम हस्तान्तरण व्यवस्थापनको स्वामित्व साझेदारी (सरकार, जोखिम वाहक र लाभग्राहीको योगदान) जस्ता सम्भावित जोखिमहरू रहेका छन् ।

२.५ अनुगमन र मूल्याङ्कन

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐनको दफा ५ को खण्ड (ङ) बमोजिम यो कार्ययोजनाको कार्यान्वयनको मूल्याङ्कन विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन राष्ट्रिय परिषदले गर्ने गराउनेछ । कार्यान्वयनको मुल्याङ्कन वार्षिक रूपमा गरिनेछ । ऐनको दफा ८ बमोजिम कार्यकारी समितिले यस कार्ययोजनाको कार्यान्वयनको अनुगमन गर्ने गराउनेछ । अनुगमन तथा मूल्याङ्कन गर्दा मापनयोग्य सूचकहरूको विकास गरी नतिजामा आधारित भई गरिनेछ।

२.६ अपेक्षित उपलब्धी

जोखिम सूचनामा आधारित सार्वजनिक तथा निजी लगानी, जोखिम हिस्सेदारी, बीमा तथा अन्य साधन/औजारहरू मार्फत विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ। विपद् जोखिमको पूर्वानुमान गर्नको लागि आवश्यक साधन तथा प्रविधि सहितको सूचना प्राप्त भएको हुनेछ। विभिन्न वित्तीय संयन्त्रहरूको प्रयोग मार्फत विपद् जोखिम न्यूनीकरण गर्न तथा विपद् पश्चातको पुनर्भरणको लागि तत्काल वित्तीय प्रवन्ध गर्न सकिनेछ। विपद् जोखिम संवेदनशील विकासको अवधारणा अनुसार महत्वपुर्ण पूर्वाधार निर्माणमा वित्तीय जोखिम लगानी सुनिश्चित हुनेछ। विपद् जोखिमलाई मध्यनजर गरी पूर्वाधार बीमा, सामाजिक सुरक्षा बीमा, सम्पत्ति बीमा र जीवन बीमा लगायतका बीमा कार्यक्रमहरू पर्याप्त मात्रामा विकास भएको हुनेछ। विपद् जोखिमवाट सुरक्षित तथा विपद् उत्थानशील नेपालको आधार तयार भएको हुनेछ।

३. बजारमा आधारित वित्तीय साधनहरूको प्रयोग

३.१ जोखिम हस्तान्तरण सम्बन्धी वित्तीय साधन/औजारहरूको विश्लेषण

बजारमा आधारित वित्तीय साधनहरूबाट अधिकतम लाभ लिन सकिन्छ या सकिँदैन भन्ने मूल्याङ्कनका आधारमा जोखिम हस्तान्तरण गर्नु उपयुक्त हुन्छ। विगतका विपत्तिहरूलाई हेर्ने हो भने नेपालमा दुई तीन वर्षको अन्तरालमा ठूला विपद्का घटनाले जनधनको क्षति बढी हुने गरेको छ। बजारमा आधारित वित्तीय उपकरणको छनोट लागत तथा लाभ विश्लेषणबाट निर्देशित हुन्छ जुन आवधिक रूपमा विश्लेषण गरिरहनु पर्दछ। विगतका विपद र सम्बन्धित क्षतिलाई आधार मानेर बजारमा आधारित वित्तीय साधनहरूको प्रयोग गर्नु अघि लागत-लाभ विश्लेषण गर्न दुई फरक विधिहरूको खाका तयार गरिएको छ। भूकम्पका कारण हुन सक्ने क्षतिको वित्तीय विश्लेषण उपलब्ध तथ्याङ्कका आधारमा गरिएको छ। यो प्राविधिक विश्लेषण भूकम्पका घटना पश्चात् नेपाल सरकारले सामना गर्नुपर्ने आकस्मिक दायित्वमा आधारित छ। पुनर्बीमा मध्यस्थकर्ता वहुराष्ट्रिय कम्पनी AON द्वारा निर्मित भूकम्पसँग सम्बन्धित आकस्मिक दायित्व पूर्वानुमान मोडलबाट प्रक्षेपण गरिएको छ। आवधिक रूपमा विभिन्न प्रकोपका लागि प्राविधिक विश्लेषण गरी त्यसबाट प्राप्त प्रक्षेपित जोखिमका आधारमा आकस्मिक दायित्व निर्धारण गरी बजारमा आधारित वित्तीय साधन अर्थात् विपद् सम्बन्धी सञ्चित कोषको माध्यमबाट वित्तीय स्रोतको पूर्वनिर्धारण गर्नुपर्ने देखिन्छ।

जलवायु जोखिमको प्रभावलाई लागत लाभ विश्लेषणका आधारमा वित्तीय सुनिश्चितता गर्न सकिन्छ। हाल नेपालका लागि आवश्यक जलवायु परिवर्तनको प्रभाव प्रक्षेपण गर्ने विधि सहित मुल्याङ्कन गर्ने साधन नभएकोले सन् २०२३ को अन्त्य सम्ममा जलवायु परिवर्तनको प्रभाव प्रक्षेपण मोडल तयार गरी जलवायु परिवर्तनको जोखिम हस्तान्तरण गर्ने विधि, प्रक्रिया र मापदण्ड नेपाल सरकारद्वारा स्वीकृत भएपछि जोखिमको हस्तान्तरण गर्ने लक्ष्य लिइएको छ।

लागत-लाभ विश्लेषणले केवल एउटा अनुमानित जोखिम हस्तान्तरण संरचना पेश गरेको छ जसमा ५० वर्षमा एकपटक र १०० वर्षमा एकपटक आउनसक्ने घटनाको क्षतिवापत नेपाल सरकारले व्यहोर्नु पर्ने आर्थिक व्ययभारको प्रक्षेपण गरिएको छ। यो प्रक्षेपण हालसम्म उपलब्ध तथ्याङ्कको आधारमा गरिएको हो र यसलाई नेपाल सरकारले समय समयमा अद्यावधिक तथ्याङ्कका आधारमा पुनः विश्लेषण गरी प्रक्षेपण गर्दै जोखिमको मुल्याङ्कन गरिरहनु आवश्यक हुन्छ। यस विश्लेषणले नेपाल सरकारले कुनै ५० वर्षमा भएको एक घटनामा क्षतिको ४० प्रतिशत र १०० वर्षमा भएको एक घटनामा शतप्रतिशत भुक्तानी प्राप्त गर्ने विश्लेषण गरिएको छ।

कुनै पनि जोखिम हस्तान्तरण विधिले सम्भावित भुक्तानीको रकम, भुक्तानी हुने सम्भावना र संलग्न जोखिम-शमन प्रिमियम (Risk – Mitigation Premium जस्तैः बीमा शुल्क वा अन्य) बीचमा सट्टा बजार वा लगानी अनुरूपको प्रतिफल गराउँछ। वार्षिक प्रिमियम अपरिवर्तित हुन्छ भन्ने मान्दा जोखिम हस्तान्तरण विधिको भार स्वयंले वहन गर्ने जोखिमको बिन्दु घटाउँदा (जस्तैः- भुक्तानी गरिएको पहिलो बिन्दु) भुक्तानीको सम्भावना बढाउँछ तर भुक्तानी रकम घट्नेछ। जोखिमको बिन्दु (Risk Attaching Point) कम बनाउँदा भुक्तानी रकम वढ्छ भने वार्षिक प्रिमियम भने बढ्छ। यी तीनवटै कारक तत्त्वहरू आपसमा जोडिएका हुनाले भुक्तानी रकम र संलग्न अङ्कहरू क्रमशः बढाएर वा घटाएर उपकरणको वार्षिक प्रिमियम परिवर्तन गर्न पनि सम्भव छ।

३.२ बजारमा आधारित वित्तीय उपकरण/साधनहरूको कार्यान्वयन

यो कार्यान्वयन योजना र लागत-लाभ विश्लेषणले भूकम्प र जलवायु जोखिमको लागि बजारमा आधारित जोखिम हस्तान्तरणको प्रयोगलाई कार्यान्वयन गर्दछ। जोखिम हस्तान्तरणका लागि यसका माध्यम जस्तै पुनर्बीमा वा ठुलो विपद्मा ऋण सम्झौतका साथै अन्य बजारमा आधारित बित्तीय औजारहरूको प्रयोग गर्न सकिन्छ। यो कार्यान्वयन योजनाले बजारमा आधारित जोखिम हस्तान्तरणका बित्तीय उपकरणहरू प्रयोग गर्न आवश्यक पर्ने पक्षहरूलाई दृष्टिगत गर्दछ।

जोखिम हस्तान्तरणका साधनको प्रकृति अनुसार यसका आफ्नै विशिष्ट विशेषताहरू हुन्छन् जसलाई निम्नानुसारका परिचालन प्रकृयाबाट प्रयोग गरिन्छ।

१) जोखिम हस्तानतरणका लागि मध्यस्थकर्ताको सेवाः साधन/उपकरणको प्रकृति अनुसार नेपाल सरकारले जोखिम हस्तान्तरणका लागि सहयोग गर्न पुनर्बीमा मध्यस्थकर्ता वा विशेषज्ञको सेवा खरिद गर्न सक्नेछ।

२) विशेष मध्यस्थकर्ताको सेवा - नेपाल सरकारले जोखिम हस्तान्तरणका लागि उपयुक्त बजारमा आधारित औजारको व्यवस्था गरी घटना पश्चात भुक्तानी सुनिश्चित गर्न र न्यूनतम मूल्यमा अधिकतम उपलब्धिका लागि छलफल गर्न विशेषज्ञ मध्यस्थकर्ताको (जस्तैः पुनर्बीमा मध्यस्थकर्ता) परामर्श लिन सक्नेछ।

३) शर्तहरू निर्धारण गर्ने - जोखिम हस्तान्तरण विधि संरचना नेपाल सरकारले पहिचान गरेका पुनर्बीमा मध्यस्थकर्ता वा विशेषज्ञ र अन्य सम्बन्धित विज्ञहरू समेतको रायका आधारमा प्रभाव पूर्वानुमान गरी (विपद् जोखिमको विश्लेषण आफै वा तेस्रो पक्ष मार्फत) सबैभन्दा उपयुक्त प्रकारको जोखिम हस्तान्तरण विधिको संरचना तय गरी आवश्यक नियम तथा शर्तहरू निर्धारण गरिनेछ।

४) बजारमा आधारित जोखिम हस्तान्तरण साधनको स्वीकृति - मध्यस्थकर्ताले तयार गरेको बजारमा आधारित जोखिम हस्तान्तरण साधन/औजारलाई नेपाल सरकारले स्वीकृत गरेपश्चात् मात्र बजारमा आधारित जोखिम हस्तान्तरण साधन/औजारलाई प्रयोगमा ल्याइनेछ।

५) करार सम्झौताको हदम्याद - जोखिम हस्तान्तरण सम्झौताको कानुनी आवश्यकता भनेको नीति वा सम्झौताको करार अवधिमा जोखिम विश्लेषण मापन विधिको तय गर्नु हो। जोखिम हस्तान्तरण विश्लेषण मापन विधि उपलब्ध गराउने संस्था वा मध्यस्थकर्तासँग गरिएको करार सम्झौता सम्पन्न नहुँदा सम्मका लागि सम्झौता कायम रहिरहनेछ।

६) जोखिम वाहकहरूसँग वार्तालाप - पुनर्बिमा मध्यस्थकर्ताले सम्भावित जोखिम वाहकहरूसँगको वार्ताको नेतृत्व गर्नेछ जसले अनुरोध गरिएको जोखिमको वहन गर्नुपर्ने क्षेत्रलाई न्यूनतम सम्भावित (शुल्क) प्रिमियममा उपलब्ध गराउन अधिकतम पहल गर्नुपर्नेछ।

७) प्रिमियम भुक्तानीको लागि नेपाल सरकारको स्वीकृति - बजारमा आधारित जोखिम हस्तान्तरण औजारका लागि न्यूनतम प्रिमियम उपलब्ध गराउने गरी प्रिमियम शुल्क तय गरिए पश्चात सरकारले आवश्यकतानुसार स्वीकृती दिन सक्नेछ।

८) जोखिम हस्तान्तरण - पुनर्बीमाकर्ताहरूसँगको वार्ता प्रभावकारी छ र स्वीकार्य प्रिमियम दरमा कभरेज सुरक्षित गर्न सकिन्छ भन्ने यकिन भएपश्चात सरकारले प्रिमियम तिर्नेछ र भूकम्प जोखिम हस्तान्तरण साधनद्वारा प्रदान गरिएको सुरक्षणको दायित्व भरण सुरु हुनेछ।

९) जलवायु परिवर्तनले पार्ने जोखिमको हस्तान्तरणका निम्ति समेत माथि उल्लेखित १ देखि ८ नं. सम्मका बुँदाको प्रक्रियाहरू अवलम्वन गरी प्रचलित बजारमा आधारित उपयुक्त उपकरणको व्यवस्था गर्न सकिनेछ।

१०) नेपालका लागि बाढी क्षति विश्लेषण तथा पूर्वानुमान गर्ने मोडेल उपलब्ध भएपश्चात सरकारले बाढी जोखिम हस्तान्तरण विधिको लागत-लाभ विश्लेषण गर्नेछ। सरकारले बाढीका कारण गम्भीर क्षति र जलवायु परिवर्तनका असरहरूबाट जोगाउन सन् २०२३ को अन्त्यसम्ममा जोखिम हस्तान्तरण वित्तीय उपकरण प्रयोगमा ल्याउन सक्नेछ।

३.३ भूकम्प जोखिमको लागि बजारमा आधारित जोखिम स्थानान्तरणको लागि लागत-लाभ विश्लेषणको परिणाम

३.३.१ लागत-लाभ विश्लेषण

लागत-लाभ विश्लेषणले वित्तीय साधनहरूको लागत-प्रभाव पहिचान गरी उपलब्ध वित्तीय साधनहरूमध्ये उपयुक्त साधन/औजारको प्रयोग गरी आकस्मिक दायित्वलाई वित्तीय व्यवस्थापन गर्दछ। विश्लेषणले भूकम्प जोखिमको लागि जोखिम-हस्तान्तरणको एक सम्भावित संरचनालाई विश्लेषण गर्दछ (उदाहरणका लागि पुनर्बीमा वा महाविपत्ति ऋण) र विश्लेषण अनुमान अनुसार लगभग रू छ्ण करोड (अमेरिकी डलर द्ध.द् मिलियन) को वार्षिक प्रीमियमको बदलामा छ्ण वर्षमा एक घटनाको अवस्थामा रु. ४.८ अर्ब प्राप्त हुन सक्नेछ भने १०० वर्षमा एक घटनाका आधारमा रु. १२ अर्ब प्राप्त हुन सक्नेछ। यी अनुमानहरू प्रकोपको प्रभावमा आधारित पूर्वानुमान मोडेलको विश्लेषणमा आधारित छन्।

विश्लेषणले सरकारको अनुमानित आकस्मिक दायित्वलाई हस्तान्तरण गर्न दुई वैकल्पिक रणनीतिहरू (पहिलो जोखिम हस्तान्तरण बिना र दोस्रो जोखिम हस्तान्तरण सहित) प्रयोग गर्न वित्तीय लागतको निर्धारण गर्दछ। लागत सुत्रहरूले आकस्मिक कोष (रिजर्भ कोष) राख्दाको अवसर लागत, विकास परियोजनाहरूबाट बजेट पुनः बाँडफाँड गर्दाको लागत र प्रभाव, जोखिम हस्तान्तरणको शुल्क (प्रिमियम)लागत र विपद् पश्चातको ऋण सापटीको अनुमानित लागतलाई आधार लिइनेछ। यो विश्लेषणले प्रकोप घटनापछि कोषमा उपलब्ध हुने वित्तीय स्रोतको प्राप्ति हुने समयलाई पनि आधारका रूपमा लिनेछ (Time Value of Money)। यदि कुनै विशेष प्रकारको वित्तीय स्रोतको प्राप्ति ढिलो हुने अवस्था छ भने कुल लागत पनि बढ्दछ (उदाहरणः विपद् पछि ऋण अथवा सापटी लिने सन्दर्भ।

३.३.२ भूकम्पका कारण हुने सम्भावित क्षति

प्रकोपको प्रभावमा आधारित पूर्वानुमान (Impact Based Forecasting) मोडेलको नतिजाको आधारमा विश्लेषणले भूकम्पबाट नेपाल सरकारलाई हुने सम्भावित वार्षिक कुल क्षतिलाई विश्लेषण गर्छ। आवासीय घर र सार्वजनिक क्षेत्रका जोखिमहरू (विमानस्थल, पुल, स्वास्थ्य, शिक्षा, पावर प्लान्ट, सडक र विद्युत प्रसारण लाइन) सँग सम्बन्धित कुल क्षतिको लगभग घण प्रतिशत रकम नेपाल सरकारले खर्च गरिरहेको छ।



३.३.३ वित्तीय रणनीतिहरू

भूकम्पबाट हुन सक्ने क्षतिलाई विश्लेषण गर्दा यसबाट हुन सक्ने क्षतिलाई दुई वैकल्पिक वित्तीय रणनीतिका माध्यमबाट वित्तीय जोखिमको स्रोत सुनिश्चित गर्न सकिन्छ।

वित्तीय साधन / उपकरणहरू	रणनीति एकः यथास्थितिमा (status quo)	रणनीति दुईः जोखिम हस्तान्तरण (with risk transfer)
आकस्मिक कोष (Reserve funds)	• प्रधानमन्त्री विपद् सहायता कोष रु. ४.०१ अर्ब • प्रधानमन्त्री विपद् सहायता कोष रु. १ करोड • आकस्मिक कोष रु. १ करोड • राष्ट्रिय विपद् व्यवस्थापन कोष रु. १.४८५ अर्ब कुल कोषमा रकम रु. ५.६१९ अर्ब	रणनीति एक अनुसार
विपद पश्चात् बजेट रकमान्तर	रु. १.३७ अर्ब (सन् २०१५ को भूकम्पपश्चात् एक महिनामा भएको बजेट रकमान्तरका आधारमा)	रणनीति एक अनुसार
बजारमा आधारित जोखिम हस्तान्तरण Market-based risk transfer	-	एक- रु. ४.८ अर्बको खर्च - ५० वर्षमा एक पटक हुनसक्ने घटना। दुई- रु. १२ अर्बको खर्च १०० वर्षमा एक पटक हुनसक्ने घटना।
प्रकोप पश्चातको सापटी (Post Disaster Borrowing)	अन्य वित्तीय उपकरणको प्रयोग पश्चात आवश्यक आकस्मिक सापटी	

३.४ लागत–लाभ विश्लेषणको प्रमुख निष्कर्षहरू

लागत-लाभ विश्लेषणबाट कम जोखिमका निमित्त नेपाल सरकारको रु. २९.६ करोडको अधिक खर्चमा ५० वर्षमा एक घटना हुने सम्भावित भूकम्प जोखिमको क्षतिलाई पुनर्भरण गर्दछ। ५० वर्षमा एक घटना भन्दा कम अवधिमा हुने घटना जस्तै १० वर्षमा एक घटनामा रु. ५०.४ करोडको अधिक क्षति हुन्छ र जोखिम हस्तान्तरणबाट साना घटनाबाट ठूलो लाभ लिन सकिदैन।

जोखिम हस्तान्तरणको फाइदा उच्च आर्थिक क्षति र गम्भिर प्रकारका घटनाहरू (आर्थिक भार उच्च बनाउन सक्ने खालका घटना)का लागि अत्यधिक महत्त्वपूर्ण हुन्छ तापनि यस्ता घटनामा ५० वर्षमा एक घटनामा रु. छ.द्ध अर्ब रूपैया सम्मको वित्तीय स्रोत उपलब्ध हुन सक्दछ। त्यस्तै १०० वर्षमा एक घटनामा रु. १४.४ अर्ब वित्तीय स्रोत उपलब्ध हुन सक्दछ। यसले अति गम्भीर घटनाहरूबाट उत्पन्न हुने क्षतिको वित्तीय व्यवस्थापन गर्न औजारका रूपमा जोखिम स्थानान्तरणको उपयुक्तता तथा कुशलतालाई इङ्गित गर्दछ।

जोखिम हस्तान्तरणले गम्भीर भूकम्पका घटनाहरू पछि महत्त्वपूर्ण भुक्तानीहरू प्रदान गर्नुको अतिरिक्त, भुक्तानीहरू तत्काल र छोटो समयमा गर्न सहयोग गर्दछ किनकी यसले तरल वित्तीय स्रोतको व्यवस्था गरेको हुन्छ। कुनै पनि प्रकोपपश्चात् वित्तीय सापटीको प्रक्रिया नै दुईदेखि तीन महिनासम्म लागेको अनुभव नेपाल सरकारसँग छ र प्रतिवद्धता भए पश्चात सो वित्तीय स्रोतको प्राप्तिका लागि अझ धेरै समय खर्चनु परेको अनुभव भूकम्प पश्चात सुनिश्चित हुन नसकेको प्रतिवद्ध वित्तीय स्रोतले देखाउँछ। उल्लेखित व्यवस्था बाहेक घटना हुनु पूर्व नै घटना सुचाङ्कका (Parametric) आधारमा जोखिम हस्तान्तरणले पूर्व निर्धारित घटनाको सिमा पुग्नासाथ (उत्प्रेरक सिमा- Triggering Point) वित्तीय सुनिश्चितता गर्दछ र घटनापश्चात् द्रुत भुक्तानी (सामान्यतया एक महिनाभित्र) प्रदान गर्न सजिलो हुन्छ। अध्ययनहरूले देखाए बमोजिम ढिला वा लामो समय पछिको घटनाको प्रतिक्रियाले आर्थिक क्षति तथा लागतमा वृद्धि गर्दछ र सो लागत तथा आर्थिक क्षति कम गर्न घटना पूर्व नै वित्तीय व्यस्था गर्न सकिन्छ। पूर्व नियोजित (Ex–Ante) वित्तीय साधनको लागत घटनापश्चात् (Ex–post) खोजिएका वित्तीय स्रोतको लागत भन्दा कम हुन्छ।

३.५ भूकम्प प्रकोप जोखिम प्रक्षेपणको नतिजा

सन् २०२० मा एओएन ग्लोबल रिइन्सुरेन्स् (AON Global Reinsurance) मध्यस्थकर्ता (Broker) ले प्रभावमा आधारित मोडेल तयार पारेको छ र नेपालको भूकम्पको क्षति प्रक्षेपण विधिलाई समावेश गरेको छ। यो मोडेलले १,००,००० यथार्थपरक सम्भावित घटनाहरूमा आधारित सम्भाव्य घटक प्रयोग गर्दछ र नेपालका सन्दर्भमा उपयुक्त विशिष्ट जोखिमहरू समावेश गर्दछ। एउटा जोखिमको सम्भावना अङ्कित गर्ने रेखाले प्रत्येक भौतिक संरचनाका प्रकारको सम्भावित क्षतिको अवस्थासँग निश्चित विश्लेषण गरेको हुन्छ (जस्तैः जमिन हल्लाउने) लाई सम्बद्ध गर्दछ। मोडेललाई AON को बीमित तथ्याङ्क जसले (नेपालबाट पुनर्बिमासम्बन्धी सूचना) नेपालमा बीमा बजारको लगभग 65 प्रतिशत बीमकको तथ्याङ्क र अन्य स्रोतहरू प्रयोग गरेको छ।

सरकारको आकस्मिक दायित्व गणना गर्न भूकम्पोत्तर पुनर्निर्माण तथा पुर्नस्थापनामा सरकारले दायित्व वहन गर्ने सम्भावित खर्चको मूल्याङ्कन गरिन्छ। पूर्वाधार तथा सम्पत्तिरू जस्तैः आवासीय भवन, शैक्षिक भवन, स्वास्थ्य सेवा, ऊर्जा, पूर्वाधार, बीमानस्थल र सडक/पुलहरू समावेश छन्। नेपाल सरकार यी सम्पत्तिहरूको क्षति पश्चात पूर्णरूपमा पुनर्निर्माणका लागि जिम्मेवार नभए पनि ३० प्रतिशत सम्म सरकार जिम्मेवार हुने अनुमान गरिएको छ।

यो विश्लेषणले नेपाल सरकारको औसत वार्षिक क्षति (Annual Aggregate Loss) रु. ११ अर्ब र ५० वर्षमा एक घटनामा रु. ८७.५ अर्ब र १०० वर्षमा एक घटनामा रु. १४३.७ अर्ब क्षति हुने अनुमान गरेको छ।

३.६ बजारमा आधारित वित्तीय साधन/उपकरणको कार्यान्वयन कार्ययोजना समय तालिका

विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ को कार्यान्वयनका लागि उपकरणहरूको छनौट र कार्यान्वयन कार्ययोजना अनुसूची नं १ मा प्रस्तुत गरिएको छ।

अनुसूची- १

समय तालिका

विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ को बजारमा आधारित वित्तीय साधन/उपकरणको कार्यान्वयन कार्ययोजना समय तालिका

				२०७८												२०७९											
				पौष		माघ		फाल्गुण		चैत्र		वैशाख		जेष्ठ		असार		श्रावण		भाद्र		असोज		कार्तिक		मसिर	
				15	30	15	30	15	30	15	30	15	30	15	30	15	30	15	30	15	30	15	30	15	30	15	30
कार्ययोजना	जिम्मेवार	शुरू	अन्त्य																								
कार्ययोजना स्वीकृत गर्ने।	अर्थ मन्त्रालय, प्राधिकरण	२०७८/०९/३०	२०७८/१०/१५	■																							
पूनर्बीमा ब्रोकर अथवा बजारमा आधारित उपकरणको रक्षावरणमा जानकार विज्ञको सेवा लिने।	अर्थ मन्त्रालय, प्राधिकरणबीमा समिति	२०७८/१०/१६	२०७८/१०/२५	■	■	■	■	■	■																		
जोखिम हस्तान्तरणका निमित्त वित्तीय साधन र उक्त साधनले रक्षावरण गर्ने बजारमा आधारित साधन तयार पार्ने।	अर्थ मन्त्रालय, प्राधिकरण, बीमा समिति	२०७८/१०/२६	२०७८/१०/३०							■	■	■	■	■	■												
नेपाल सरकारले जोखिम हस्तान्तणका निमित्त तयार पारेको उपकरणको प्रयोग का निमित्त स्वीकृति दिने।	अर्थ मन्त्रालय, प्राधिकरण, बीमा समिति	२०७८/११/०१	२०७८/११/०७													■	■										
साधन उत्प्रेरक (Instrument Triggerring) मापदण्ड तय गरी करार सम्झौता तयार गर्ने।	अर्थ मन्त्रालय, प्राधिकरण, बीमा समिति	२०७८/१०/१६	२०७८/१०/२०															■	■	■	■						
जोखिम वाहकसँग सहजिकरण (negotiations) गरि रक्षावरण शुल्क कम गर्ने।	अर्थ मन्त्रालय, प्राधिकरण, बीमा समिति																					■	■				
नेपाल सरकारले रक्षावरण शुल्क (Risk Premium) भुक्तानी गर्ने ।	अर्थ मन्त्रालय, प्राधिकरण, बीमा समिति	२०७८/१०/१७	२०७८/१०/२२																					■	■		
रक्षावरण कायम रहेको हुने।	अर्थ मन्त्रालय, प्राधिकरण, बीमा समिति	२०७८/१०/१७	२०७८/१०/२१																							■	■